ड्रागन फ्रुट महोत्सव २०८३ महोत्सव आयोजक समिति

# ड्रागन फ्रुट महोत्सव २०८३

# संक्षिप्त प्रतिवेदन

## १. पृष्ठभूमि तथा परिचय

**बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा उपमहानगरपालिका र प्रदेश कृषि थोक बजार सञ्चालक समिति हेटौंडा—११, थानाभर्याङ, मकवानपुरको आयोजनामा प्रदेश कृषि थोक बजार परिसर, हेटौंडा—११, थानाभर्याङ, मकवानपुर**मा नव-निर्मित **प्रदेश कृषि थोक बजार**को शुभारम्भ तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ "उत्पादकदेखि उपभोक्तासम्म ताजा र गुणस्तरीय ड्रागन फ्रुट" भन्ने मूल नाराका साथ सम्भवत नेपालमै पहिलो पटक तीन दिने **"ड्रागन फ्रुट महोत्सव, २०८३"** यहि मिति २०८३ असार ११, १२ र १३ गते आयोजना गरिएको, व्यावसायिक ड्रागन फ्रुट खेतीको विकास, विस्तार तथा बजारीकरणमा सहयोग पुर्‍याउने उद्देश्यले राखेको थियो। यस महोत्सवले उत्पादक किसान र उपभोक्ताहरूबीच सीधा सम्पर्क (Direct Market Linkage) स्थापित गर्दै स्वदेशी उत्पादनको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ।

## २. महोत्सवको संक्षिप्त विवरण

**आयोजकः** बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा; हेटौंडा उपमहानगरपालिका र प्रदेश कृषि थोक बजार सञ्चालक समिति, हेटौंडा—११, थानाभर्याङ, मकवानपुर।

**आयोजन मितिः** २०८३ असार ११, १२ र १३ गते (३ दिन)

**स्थानः** प्रदेश कृषि थोक बजार परिसर, हेटौंडा—११, थानाभर्याङ, मकवानपुर

**आर्थिक तथा व्यवस्थापकीय साझेदारीः**

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडाः रु. ७०,०००/- (अक्षरेपि सत्तरी हजार रुपैयाँ)

हेटौंडा उपमहानगरपालिकाः रु. १,००,०००/- (अक्षरेपि एक लाख रुपैयाँ)

प्रदेश कृषि थोक बजार सञ्चालक समितिः समग्र भौतिक तथा स्थानीय व्यवस्थापन

# ३. प्रमुख क्रियाकलाप तथा आर्थिक कारोबार

महोत्सव अवधिभर सञ्चालन भएका मुख्य गतिविधि तथा उपलब्धिका सूचकहरू देहाय बमोजिम रहेका छन्:

## क) उद्घाटन सत्र (असार ११ गते)

महोत्सवको समुद्घाटन **बागमती प्रदेश सरकारका कृषि मन्त्री**ज्यूबाट औपचारिक रूपमा ड्रागन फ्रुट काटेर भव्यताका साथ गरियो। उक्त अवसरमा मन्त्रालयका प्रदेश सचिव, कृषि विकास निर्देशनालयका निर्देशक, हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, उद्योग वाणिज्य महासंघका अध्यक्ष, सञ्चारकर्मी (पत्रकार) तथा अन्य सरोकारवालाहरूको गरिमामय उपस्थिति रहेको थियो।

## ख) स्टल सहभागिता र प्रविधि प्रदर्शन

महोत्सवमा कुल **१६ वटा कृषक तथा उद्यमीका स्टलहरू** स्थापना गरिएका थिए। जसमा हेटौंडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिकाका व्यावसायिक कृषकहरूको सक्रिय सहभागिता रहेको थियो। स्टलहरूमा निम्न विधाका उत्पादन र प्रविधि प्रदर्शन गरिएका थिए:

**ताजा उत्पादनः** विभिन्न जातका ताजा ड्रागन फ्रुटहरू।

**मूल्य अभिवृद्धि/प्रशोधित परिकारः** ड्रागन फ्रुटको ताजा जुस, जाम, वाइन, ड्रागन टी (चिया) तथा तरकारीको रूपमा प्रयोग गरिने ड्रागन फ्रुटका परिकारहरू।

**प्रविधि तथा नर्सरीः** ड्रागन फ्रुटका गुणस्तरीय बिरुवाहरू र आधुनिक खेती प्रविधि (पोल, ट्रेपिङ र सिँचाइ विधि) को प्रदर्शनी।

### ग) बजार व्यवस्थापन तथा आर्थिक कारोबार

किसानहरूलाई उचित मूल्य दिलाउनका लागि बिचौलियामुक्त **"फर्म गेट मूल्य"** निर्धारण गरी सिधै उपभोक्तालाई बिक्री गर्ने व्यवस्था मिलाइएको थियो।

**कुल बिक्री परिमाणः** ३ दिनमा करिब **१० मेट्रिक टन (१०,००० केजी)** ड्रागन फ्रुटको कारोबार भयो।

**औसत स्टल बिक्रीः** प्रत्येक स्टलले औसतमा करिब **७०० केजी** फल बिक्री गरे।

**बिक्रीको अवस्थाः** उच्च कारोबार गर्ने स्टलले दैनिक **रु. २,१०,०००/-** सम्मको व्यापार गरे भने न्यून कारोबार गर्ने स्टलको दैनिक व्यापार करिब **रु. १६,०००/-** रहन गयो।

## ४. मूल्याङ्कन, पुरस्कार तथा समापन सत्र (असार १३ गते)

महोत्सवको समापन समारोह हेटौंडा उपमहानगरपालिकाका **नगर प्रमुख**ज्यूको प्रमुख आतिथ्यता तथा हेटौंडा-११ का वडा अध्यक्ष जुना दाहालको अध्यक्षतामा सम्पन्न भयो। उक्त अवसरमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, पत्रकार तथा अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

महोत्सवमा सहभागी स्टलकर्ताहरूलाई प्रोत्साहन गर्न गठन गरिएको मूल्याङ्कन समितिको सिफारिसका आधारमा **"उत्पादन, स्टल कारोबार, प्रशोधन र प्रविधि प्रदर्शन"** विधामा सर्वोत्कृष्ट ठहरिएका कृषक/उद्यमीहरूलाई **नगद पुरस्कार र सम्मान पत्र** सहित सम्मान गरी महोत्सवको भव्य समापन गरियो।

## ५. महोत्सवको उपलब्धि तथा जनअपेक्षा

**अवलोकनकर्ताको संख्याः** ३ दिनको अवधिमा करिब **४,५७५ जना** उपभोक्ता, कृषक तथा सरोकारवालाहरूले महोत्सवको प्रत्यक्ष अवलोकन गरे।

**प्रत्यक्ष साक्षत्कार (Direct Linkage):** उत्पादक किसान र उपभोक्ताबीच प्रत्यक्ष संवाद हुँदा उपभोक्ताले बजार मूल्यभन्दा सुलभ दरमा ताजा एवं स्वस्थ फल उपभोग गर्न पाए भने किसानले आफ्नो उत्पादनको वास्तविक मूल्य प्राप्त गरे।

**सरोकारवालाहरूको प्रतिक्रियाः**

**कृषक/उत्पादकः** उत्पादक किसानहरूले यस्ता मेला-महोत्सवहरूले बजार प्रवर्द्धनमा ठूलो टेवा पुग्ने हुँदा समय-समयमा यस्ता कार्यक्रमहरू आयोजना गर्न आयोजक समक्ष जोडदार सुझाव दिएका छन्।

**उपभोक्ताः** उपभोक्ताहरूले पनि एकै ठाउँमा शुद्ध, ताजा र प्रशोधित वस्तुहरू सहुलियत मूल्यमा छान्न पाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता महोत्सवलाई निरन्तरता दिनुपर्ने प्रतिक्रिया दिएका छन्।

# ६. निष्कर्ष

बागमती प्रदेशको हेटौंडामा पहिलो पटक आयोजना गरिएको यो ड्रागन फ्रुट महोत्सव आर्थिक, प्राविधिक र व्यावसायिक दृष्टिकोणले पूर्ण रूपमा सफल भएको छ। सरकारी निकाय, स्थानीय सरकार र बजार सञ्चालक समितिको त्रिपक्षीय साझेदारी मोडल कृषि प्रवर्द्धनका लागि अनुकरणीय बनेको छ। यसले आगामी दिनमा ड्रागन फ्रुटको व्यावसायिक खेती र औद्योगिक प्रशोधन तर्फ लाग्न कृषकहरूलाई थप ऊर्जा प्रदान गरेको छ।